# मेरो देश जिउँदो रहेछ

प्रतिमा के.सी.

देउरालीको ढुंगे देउतालाई

पाती चढाएर पार गरेका घुम्तिहरु

बिसौनीमा घासदाउराको भारी बिसाई

मुलको पानी जलुकाको पातले

पिउदै हिडेका क्षणहरु

चिसो हावामा पसीना सुकाई

पशुपन्छीको लीला

प्रकृतिको मनोरम बैशपान गरेका स्मिर्तिहरु

जीबन धान्ने निहुमा

कुटो कोदालो संग

लडेका बाध्यताहरु

सिस्नुको घारी र टिम्मुरको काँडामा

अल्झिएका बिगतहरु

बनपाखा र खोलानालासंग

मितेरी लाएका यथार्थहरु

मानसपटलमा बल्झिरहेछन

हो, मेरो देश त्यहिँ

बिगतका यथार्थता र

बर्तमानका कर्णप्रिय सम्झनामा

बाचिरहेको रहेछ

परदेशिएका नेपालीहरुको

दुखद घटनाको  स्मरण गर्दा

मन अमिलो र स्तब्ध भयो

आखाबाट आँशु चुहियो

राजनीतिक अस्थिरतामा

देश डुबुल्की मार्दा

नेपालबन्द चक्काजाम अनि

भाइ भाइमा रगतको होलि खेलेको समाचारले

मानसपटलमा उथलपुथल भयो

हरेक दिन घट्ने घटनाहरुले

मुटुलाई बिचल्लित बनायो

कैयौ नेपाली  चेलीहरु

बम्बैका कोठीहरुमा हारगुहार गरेको सुन्दा

निरिह कानुन र ब्यबस्थालाई चिथोरु झैँ लाग्यो

हरेक नेपालीले प्राप्त गर्ने ख्यातीमा
हर्षले मन गदगद भयो
खुशीले आँखा रसायो
प्रतेक दिन अखबारका पानाहरुमा
मैले खोज्ने देश
मभित्रको भावनामा छताछुल्ल रहेछ

म जहाँ जसरि रहे पनि
चन्द्र सुर्य अंकित रातो झन्डा
मेरो भाषा र भेष
मेरो लागि अति प्रिय छन्
म गौतमबुद्धको देशको मान्छे
सगरमाथाको देशको मान्छे
स्वाभिमानी नेपाली
भन्नलाई गौरवान्वित ठान्ने मनभित्र
मेरो देशको गौरव बाँचिरहेको  रहेछ
मैले सात समुन्द्र पारि छोडेर
आएको देश त
मेरो आत्माभित्र

जिउदो पो रहेछ

हो मेरो देश नेपाल

म भित्र बाची रहेको रहेछ /

२२ मे २०११

बेलायत